# शितगंगा नगरपालिका

## स्थानीय राजपत्र

**खण्डः ९, संख्याः २, मितिः २०८२/०३/२५**

## भाग - १

# शितगंगा नगरपालिका

शितगंगा नगरपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

### सम्बत् २०८२ सालको ऐन नंम्बर २

## शितगंगा नगरपालिकाको आर्थिक ऐन, २०८२

शितगंगा नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक।

**प्रस्तावना :** शितगंगा नगरपालिकाको आर्थिक वर्ष ०८२/०८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको लागि स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्थापन गर्न वान्छनीय भएकाले, नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम शितगंगा नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** :-

(१) यो ऐनको नाम शितगंगा नगरपालिकाको आर्थिक ऐन, २०८२ रहेको छ।

(२) यो ऐन २०८२ साल श्रावण महिनाको १ गतेदेखि नगर क्षेत्रमा लागू हुनेछ।

२. **परिभाषा र व्याख्या** :-

(क) “नगरपालिका” भन्नाले शितगंगा नगरपालिकालाई सम्झनु पर्दछ।

(ख) “सभा” भन्नाले शितगंगा नगरपालिकाको नगरसभालाई सम्झनु पर्दछ।

(ग) ”प्रमुख” भन्नाले शितगंगा नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ।

(घ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले शितगंगा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

३. **व्यवसाय रजिष्ट्रेसन दस्तुर :-** साना तथा मझौला व्यवसाय रजिष्ट्रेशन तथा त्यसको नवीकरण बापतको शुल्क र अन्य शुल्क अनुसूची १ बमोजिमको आधारमा लगाईने छ ।

४. **व्यवसाय कर :-** शितगंगा नगरपालिका क्षेत्र भित्र सञ्चालित उद्योग, व्यापार, व्यवसायहरुलाई व्यवसाय वा सेवाको प्रकृती र स्वरुपको आधारमा अनुसूची (२) बमोजिम व्यापार व्यवसायमा आधारित व्यवसाय कर लगाईने र असुल उपर गरिनेछ ।

५. **कृषि तथा पशुजन्य व्यवसाय कर :-** नगर क्षेत्र भित्र कृषि तथा पशुजन्य व्यवसायमा अनुसूची (३) बमोजिम कृषि तथा पशुजन्य व्यवसाय कर लगाईने र असुल उपर गरिनेछ ।

६. **भूमि कर (मालपोत)** : नगर क्षेत्रभित्र अनुसूची (४) बमोजिम भूमिकर (मालपोत) लगाईने छ ।

७. **सम्पत्ती कर (घरधुरी कर)** : नगर क्षेत्र भित्र रहेका घरहरुमा अनुसूची (५) बमोजिमको सम्पत्ती कर (घरधुरी कर) लगाईने छ ।

८. **साना सवारी साधन कर** : नगर क्षेत्र भित्र सञ्चालन हुने रिक्सा, अटो रिक्सा, ई-रिक्सा जस्ता सवारी साधनमा अनुसूची (६) बमोजिमको साना सवारी साधन कर लगाईने र असुल उपर गरिनेछ ।

९. **घर बहाल कर** : नगरको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन घर, पसल, ग्यारेज, गोदाम टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा लिएको/दिएकोमा अनुसूची (७) बमोजिमको घरजग्गा बहाल कर लगाईने र असुल उपर गरिनेछ ।

१०. **सिफारिस दस्तुर** : नगर तथा वडाहरुबाट विभिन्न सेवा सुविधा तथा सिफारिस उपलब्ध गराए बापत अनुसूची (८) बमोजिमको सिफारिस दस्तुर लगाईने छ ।

११. **नाता प्रमाणित दस्तुर** : नगर तथा वडाहरुबाट नाता प्रमाणित गर्दा अनुसूची (९) बमोजिम नाता प्रमाणित दस्तुर लगाईने छ ।

१२. **अन्य दस्तुर** : नगरबाट प्रधान गरिने विभिन्न अनुमती, सूचीकृत तथा अन्य विभिन्न सेवाहरु प्रदान गरेबापत अनुसूची १० बमोजिम दस्तुर लगाईने छ ।

१३. **व्यक्तिगत घटना दर्ता दस्तुर** : नगर क्षेत्रभित्र हुने व्यक्तिगत घटना दर्ता गर्दा, प्रतिलिपि उपलब्ध गराएबापत अनुसूची (११) बमोजिमको दस्तुर लगाईने छ ।

१४. **मनोरञ्जन कर** : नगरको क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूची (१२) बमोजिमको प्रदेश ऐन बमोजिम मनोरन्जन कर लगाईने छ । तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्य व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

१५. **विज्ञापन कर** : नगरको क्षेत्राधिकार भित्र गरिने बाह्य विज्ञापनलाई एकरुपता तथा व्यवस्थित गर्न बाह्य विज्ञापन सम्बन्धी मापदण्ड, २०८१ बमोजिम हुनेगरी अनुसुची (१३) बमोजिमको विज्ञापन कर लगाईने र असुल उपर गरिनेछ ।

१६. **पार्किङ्ग शुल्क** : नगरको क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराए बापत अनुसूची (१४) बमोजिमको पार्किङ्ग शुल्क लगाईने छ ।

१७. **एफ.एम. रेडियो सञ्चालन शुल्क** : नगर क्षेत्र भित्र सञ्चालन भएका रेडियोहरुलाई अनुसूची (१५) बमोजिम शुल्क लगाईने छ ।

१८. **वन, नदी तथा खानीजन्य श्रोत कर** : नगरको क्षेत्रभित्र नदी तथा खानीजन्य श्रोत संकलन तथा निकासी गरेबापत अनुसूची (१६) बमोजिमको नदी तथा खानीजन्य श्रोत उपयोग शुल्क तथा वनजन्य पदार्थको निकासीमा छुटपूर्जी शुल्क लगाईने छ । तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

१९. **अन्य प्रशासनिक सेवा शुल्क** : अनुसूची (१७) बमोजिम प्रशासनिक सेवा शुल्क लगाईने छ ।

२०. **दण्ड जरिवाना** : नगर क्षेत्रभित्र यस ऐन र प्रचलित कानुनको विपरीत हुनेगरी कार्य भए गरेको पाईएमा अनुसूची (१८) बमोजिम दण्ड जरिवाना लागाईने छ ।

२१. **घर, भवन नक्सा पास र अभिलेख दस्तुर** : नगर क्षेत्रभित्र नया निर्माण गरिने तथा निर्माण सम्पन्न भएका घर, भवन, टहरा आदीमा अनुसूची (१९) बमोजिमको नक्सापास तथा अभिलेख दस्तुर लगाइने छ ।

२२. **अन्य कर** : नगर क्षेत्रभित्र उत्पादन हुने र संकलन हुने कवाड मालवस्तुमा अनुसूची २० बमोजिम बिक्री कर संकलन गरिने छ र त्यसको ठेक्का प्रयोजनको लागि न्यूनतम कर आर्थिक ऐनमा निर्धारण भए अनुसार हुनेछ ।

२३. **वहाल विरौटी कर** : नगर क्षेत्रभित्र घर, टहरा, छप्पर,जग्गा, पोखरी,स्थानीय तहले निर्माण सञ्चालन तथा व्यवस्थापन गरेको सार्वजनीक स्थल, ऐलानी जग्गा तथा अस्थायी पसलहरुबाटट अनुसूची २१ बमोजिम वहाल विरौटी कर लगाईने छ ।

२४. **श्रोत उपयोग तर्फ** : नगर क्षेत्राधिकार भित्रका विभिन्न खोला तथा नदी क्षेत्रहरुबाट बिक्री हुने नदीजन्य पदार्थ न्यूनतम दर अनुसूची २२ अनुसार हुनेछ । तर आइईई प्रतिवेदन तथा राष्ट्रपति चुरे तराई  विकास संरक्षण समितिबाट परिमाण निर्धारण भए पश्चात न्यूनतम शुल्क प्रदेश आर्थिक ऐनमा निर्धारण भएको दर अनुसार हुनेगरी संसोधन हुनेछ ।

२५. **नियम वा कार्यविधि बनाउन सक्ने** : (१) ऐनको उद्देश्य कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक नियम,कार्यविधि वा निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

(२) विभिन्न अनुसूचीमा उल्लेख गरिएका कर, दस्तुर, सेवा शुल्क तथा दण्ड जरिवाना आदिमा कुनै शिर्षक छुटेको पाईएमा नगर कार्यपालिकाले निर्णय गरी त्यस्तो शिर्षक थप गर्न तथा कर, दस्तुर र सेवा शुल्क निर्धारण गरि असुल उपर गर्न सक्नेछ ।

२६. **बाधा अड्काउ फुकाउ** : यस ऐनको कार्यान्वयनको कममा कुनै बाधा आईपरेमा शितगंगा नगर कार्यपालिकालाई बाधा अड्काउ फुकाउने अधिकार रहनेछ ।

२७. **खारेजी** : शितगंगा नगरपालिकमा मौजुदा कानुनका व्यवस्थाहरु यस ऐनसँग प्रतिकूल देखिएमा प्रतिकूल भएको हदसम्म खारेज हुनेछन् ।

## चालु आ.व. २०८१।०८२ सँग तुलना गरी आगामी आ.व. २०८२।०८३ मा प्रस्ताव गरिएका कर तथा गैर करका दरहरु ।

### अनुसूची १
### व्यवसाय रजिष्ट्रेशन दस्तुर १४२५३

| सि. नं. | राजश्वको क्षेत्रहरु | चालु आ.व.को दर | प्रस्तावित दर आ.व. ०८२/०८३ | पुष्ट्याई |
|---|---|---|---|---|
| १ | निर्माण व्यवसायी नयाँ दर्ता | २०००० | २५००० | |
| २ | निर्माण व्यवसायी नविकरण असोज मसान्त सम्म | ५५०० | ६००० | |
| ३ | निर्माण व्यवसायी नविकरण चैत्र मसान्त सम्म | ७५०० | ७५०० | चैत्र मसान्त पछी स्वत खारेज हुनेछ |
| ४ | निर्माण व्यवसायी नामसारी/ठाँउसारी | | ४००० | |
| ५ | व्यवसायको नामसारी | १,००० | १००० | |
| ६ | व्यवसायको ठाउँ/स्थान परीवर्तन | १,००० | १००० | |
| ७ | व्यवसायको पुजी बृद्धि | १,००० | १५०० | |
| ८ | व्यवसायका नाम परीवर्तन | १,००० | १००० | |
| ९ | घरेलु तथा साना उद्योग व्यवसाय दर्ता | १५०० | १५०० | |
| १० | घरेलु तथा साना उद्योग दर्ता | २५०० | २५०० | |
| ११ | साना उद्योग व्यवसाय तथा फर्म नविकरण | २०० | २०० | |
| १२ | साना उद्योग व्यवसाय तथा फर्म खारेजी ५ लाख भन्दा धेरै पुँजी भएको । | १००० | १००० | |
| १३ | साना उद्योग व्यवसाय तथा फर्म खारेजी ५ लाख भन्दा कम पुँजी भएको । | १००० | ५०० | |
| १४ | कृषि तथा पशुपंछी फर्म दर्ता तथा नविकरण | ५०० | ५०० | |
| १५ | निजी जग्गामा वन दर्ता | ५००० | ५००० | |
| १६ | निजी वन दर्ता नविकरण | १००० | १००० | |
| १७ | निजी वन नामसारी | २००० | २००० | |
| १८ | निजी वन पैदावार कटानी इजाजत | १००० | २००० | |
| १९ | घरेलु तथा साना व्यावसाय नविकरण नगरेको १ वर्ष भित्रको जरिवाना | ६०० | ६०० | प्रदेश ऐन अनुसार |
| २० | घरेलु तथा साना उद्योग व्यवसाय नविकरण नगरेको प्रत्येक वर्षको लागि थप जरिवाना | २५०० | २५०० | प्रदेश ऐन अनुसार |
| | **अनुसूची २**<br>**व्यवसाय कर (१४६११)** | | | |
| १ | एफ. एम. रेडियो व्यवसाय कर | २५०० | ३००० | |
| २ | पुल हाउस | १००० | १००० | |
| ३ | ड्राईभिङ्ग सेन्टर | १५०० | १५०० | |
| ४ | ढुवानी सेवा | २५०० | २५०० | |
| ५ | लघु जलविद्युत १००० कि.वा. सम्मको अनुमती पत्र | ५००००० | ५००००० | |
| ६ | लघु जलविद्युत १००० कि.वा. सम्मको अनुमती | १२५००० | १२५००० | |

| | | | | |
|---|---|---|---|---|
| | पत्र नविकरण प्रत्येक वर्ष | | | |
| ७ | कपडा पसल/फेन्सी पसल (५ लाख सम्म पुजी भएको) | १००० | १००० | |
| ८ | कपडा पसल/फेन्सी पसल (५ लाख भन्दा वढी पुजी भएको) | २००० | २००० | |
| ९ | किराना पसल ( खुद्रा ) ५ लाख सम्म पुजी भएको | ५०० | ५०० | |
| १० | किराना पसल ( खुद्रा ) ५ लाख भन्दा धेरै पुजी भएको | १००० | १२०० | |
| ११ | औषधी पसल (फार्मेसी) | २००० | २५०० | |
| १२ | टेलरिङ्ग पसल | ५०० | ६०० | |
| १३ | व्युटी पार्लर | ७५० | १००० | |
| १४ | हेयर कटिङ्ग सैलुन | १००० | १५०० | |
| १५ | सुनचाँदी पसल | ५००० | ६००० | |
| १६ | भाँडा पसल ५ लाख सम्म पुजी भएको | १००० | १००० | |
| १७ | भाँडा पसल ५ लाख भन्दा धेरै पुजी भएको | २००० | २५०० | |
| १८ | घडि रेडियो मोबाईल लगायत ईलेक्टोनिक्स मर्मत तथा विक्री पसल | १५०० | २००० | |
| १९ | फलफुल तथा तरकारी पसल | ५०० | ५०० | |
| २० | फोटोग्राफी, कलर ल्याब, आर्ट पसल | १००० | १००० | |
| २१ | स्टेशनरी तथा पुस्तक पसल ५ लाख सम्म पुजी भएका | १००० | १००० | |
| २२ | स्टेशनरी तथा पुस्तक पसल ५ लाख भन्दा धेरै पुजी भएका | २००० | २२०० | |
| २३ | फर्निसिङ पसल | २००० | २२०० | |
| २४ | माछामासु पसल (फ्रेस हाउस) | १००० | १२०० | |
| २५ | मिठाई पसल | १००० | १००० | |
| २६ | किराना पसल (होलसेल) | २५०० | ३००० | |
| २७ | फोटोकपी कम्प्यूटर  फ्याक्स साईबर | १००० | १००० | |
| २८ | सवारी साधन, मेसिनरी औजार तथा अन्य पार्टपुर्जा बिक्री पसल | १५०० | २००० | |
| २९ | सवारी साधन मर्मत तथा ग्यारेज | २००० | २५०० | |
| ३० | निर्माण सामग्री,पेन्ट्स (हार्डवयर पसल) | २५०० | ३००० | |
| ३१ | गिट्टी, बालुवा, ढुङ्गा बिक्री डिपो | २००० | २५०० | |
| ३२ | मदिरा एवं पेय पदार्थ बिक्री (होलसेल पसल) | ४००० | ४५०० | |
| ३३ | मदिर एवं पेय पदार्थ बिक्री (खुद्रा पसल) | १००० | १२०० | |
| ३४ | श्रृङ्गार तथा उपहार बिक्री पसल | ५०० | ६०० | |
| ३५ | एग्रोभेट पसल | १००० | १५०० | |
| ३६ | सिरक डसना पसल | १००० | १००० | |
| ३७ | चिकित्सक, वकील, लेखापरीक्षक ईन्जिनियर लगायत अन्य पसामर्श सेवा | १००० | १००० | |
| ३८ | चस्मा पसल तथा मर्मत केन्द्र | ५०० | ५०० | |

| | | | | |
|---|---|---|---|---|
| ३९ | निजी विद्यालय संचालन १-५ सम्म | ५००० | ६००० | |
| ४० | निजी विद्यालय संचालन १-८ सम्म | ७५०० | ८५०० | |
| ४१ | निजी विद्यालय संचालन १-१२ सम्म | १०००० | ११००० | |
| ४२ | मेला पर्वमा राखिएको अस्थायी पसल(प्रति दिन) | २०० | २०० | |
| ४३ | एल.पि.ग्यास खुद्रा पसल | १५०० | १५०० | |
| ४४ | डिजल, पेट्रोल पम्प | २०००० | २२००० | |
| ४५ | होटल सामान्य | १००० | १००० | |
| ४६ | होटल ५ कोठा सम्मलाई | ३००० | ४००० | |
| ४७ | होटल १ कोठा देखि १० कोठा सम्मलाई | ८००० | ९००० | |
| ४८ | होटल १० कोठा भन्दा वढी | २५००० | ३०००० | |
| ४९ | रिसोर्ट/ कटेज आवासीय नभएको | २५०० | ३००० | |
| ५० | रिसोर्ट/ कटेज आवास सहित ५ कोठा सम्मलाई | ३००० | ४००० | |
| ५१ | रिसोर्ट/ कटेज आवास सहित १० कोठा सम्मलाई | ८००० | ९००० | |
| ५२ | रिसोर्ट/ कटेज आवास सहित १० कोठा भन्दा धेरै | २५००० | ३०००० | |
| ५३ | स्वास्थ्य क्लिनिक ल्याव सहितको | ४००० | ५००० | |
| ५४ | रेष्टुरेन्ट | १५०० | २००० | |
| ५५ | सिमेन्ट उद्योग | ३००००० | ५००००० | |
| ५६ | क्रेसर उद्योग | २००००० | २२५००० | |
| ५७ | वासिङ्ग प्लान्ट | १२५००० | १३५००० | |
| ५८ | फर्निचर उद्योग | १२००० | १५००० | |
| ५९ | ग्रिल उद्योग | १२००० | १४००० | |
| ६० | स मिल | १००००० | ११०००० | |
| ६१ | जुत्ता चप्पल उद्योग | ५००० | ५००० | |
| ६२ | छापाखाना | २००० | २००० | |
| ६३ | ईट्टा टायल उद्योग | ५०००० | ५०००० | |
| ६४ | दुध खरिद बिक्रि केन्द्र | १५०० | १८०० | |
| ६५ | कुटानी पिसानी पेलानी मिल | ५०० | ५०० | |
| ६६ | बेकरी, दालमोठ, बिस्कुट, चाउमिन, अगरबत्ती र मैनबत्ती उद्योग | १००० | १००० | |
| ६७ | टेन्ट हाउस | १५०० | २००० | |
| ६८ | तार जाली उद्योग | १००००० | १२५००० | |
| ६९ | चार्जिङ स्टेशन | ५००० | ७००० | |
| ७० | क बर्गको संस्था सञ्चालन अनुमती तथा अध्यावधिक | ३०,००० | ३५००० | |
| ७१ | ख बर्गको संस्था सञ्चालन अनुमती तथा अध्यावधिक | २५,००० | ३०००० | |
| ७२ | ग बर्गको संस्था सञ्चालन अनुमती तथा अध्यावधिक | २०,००० | २५००० | |
| ७३ | घ बर्गको संस्था सञ्चालन अनुमती तथा अध्यावधिक | १५,००० | २०००० | |
| ७४ | विमा कम्पनी सञ्चालन अनुमती तथा अध्यावधिक | ५००० | ६००० | |
| ७५ | घुम्ति पसल गाडिमा (प्रति महिना) | १००० | १००० | अनुमती |

| | | | | |
|---|---|---|---|---|
| ७६ | घुम्ति पसल ठेलामा (प्रति महिना) | ५०० | ५०० | लिनुपर्ने |
| ७७ | घुम्ति पसल हातमा (प्रति महिना) | ५०० | २५० | |
| ७८ | व्यवसाय कर विलम्भ शुल्क १ वर्ष ढिला | २५% | २५% | |
| ७९ | व्यवसाय कर विलम्भ शुल्क २ वर्ष ढिला | ५०% | ५०% | |
| ८० | व्यवसाय कर विलम्भ शुल्क ३ वर्ष ढिला | ७५% | ७५% | |
| ८१ | व्यवसाय कर विलम्भ शुल्क ४ वर्ष भन्दा धेरै ढिला | १००% | १००% | |
| **अनुसूची ३**<br>**कृषि तथा पशुजन्य व्यवसाय कर (११६३१)** | | | | |
| १ | कुखुराको ह्याचरी फर्म अण्डा उत्पादन गर्ने ( ५०० सम्मको संख्यामा) | १०००० | १५००० | |
| २ | कुखुराको ह्याचरी फर्म चल्ला उत्पादन गर्ने ( ५०० सम्मको संख्यामा) | १५००० | २०००० | |
| ३ | कुखुराको ह्याचरी फर्म अण्डा उत्पादन गर्ने (५०१ भन्दा बढीको संख्यामा) | २०००० | २५००० | |
| ४ | कुखुराको ह्याचरी फर्म चल्ला उत्पादन गर्ने (५०१ भन्दा बढीको संख्यामा) | २५००० | ३०००० | |
| ५ | कुखुराको ह्याचरी फर्म अण्डा र चल्ला उत्पादन गर्ने | ० | ४०००० | |
| ६ | कुखुरा पालन फर्म | १००० | ११०० | |
| ७ | बाखापालन फर्म | १००० | १२०० | |
| ८ | भैंसी तथा गाईपालन फर्म | १००० | १५०० | |
| ९ | सुङगुर/बंगुर पालन फार्म | ५०० | ६०० | |
| १० | तरकारी तथा फलफुल फार्म | ५०० | ६०० | |
| ११ | माछा पालन फार्म | ५०० | ६०० | |
| १२ | कृषि तथा पशुपंक्षी फर्म साना | ५०० | ५०० | |
| १३ | कृषि तथा पशुपंक्षी फर्म (ठुला) | १००० | १२०० | |
| १४ | कृषि तथा पशुजन्य व्यवसाय कर १ वर्ष ढिला | २५% | २५% | |
| १५ | कृषि तथा पशुजन्य व्यवसाय कर १ वर्ष भन्दा धेरै ढिला | ५०% | ५०% | |
| **अनुसूची ४**<br>**भूमिकर मालपोत (११३१४)** | | | | |
| १ | वडा नं. २, ३, ४ र १२ प्रति रोपनी | ६ | ७ | |
| २ | वडा नं. १, ५, ६, ७, ८, ९, १०, ११, १३ र १४ मा प्रति रोपनी | ५ | ६ | |
| ३ | सबै क्षेत्रमा ५० रोपनी भन्दा धेरै क्षेत्रफल भएको | १० | ११ | |
| ४ | कम्पनीको नाममा दर्ता रहेको जग्गा | ० | १५ | |
| ५ | मालपोत विलम्व शुल्क १ वर्ष ढिला | १०% | १०% | प्रतिशतमा |
| ६ | मालपोत विलम्व शुल्का २ वर्ष ढिला | २०% | २०% | |
| ७ | मालपोत विलम्ब शुल्क ३ वर्ष ढिला | ३०% | ३०% | |
| ८ | मालपोत विलम्ब शुल्क ४ वर्ष ढिला | ४०% | ४०% | |
| ९ | मालपोत विलम्ब शुल्क ५ वर्ष ढिला | ५०% | ५०% | |
| १० | मालपोत विलम्ब शुल्क ५ वर्ष भन्दा धेरै ढिला | ६०% | ६०% | |

| | | | | |
|---|---|---|---|---|
| **अनुसूची ५<br>सम्पत्ति कर, घरधुरी कर (११३१३)** | | | | |
| १ | खरको छानो भएको घरको कर | ५० | ५० | |
| २ | ढुंगा माटोको गारो टिनको छानो भएको घरको कर | १०० | १०० | |
| ३ | पक्की गारो टिनाको छानो भएको घरको कर | २०० | ३०० | |
| ४ | पक्की घर १ तल्ले | ५०० | ६०० | |
| ५ | पक्की घर २ वा सो भन्दा धेरै तल्ला भएको घरको कर | १००० | १२०० | |
| ६ | घरधुरी कर विलम्ब शुल्क ( कर रकमको आधारमा) | ५०% | ५०% | |
| **अनुसुची ६<br>साना सवारी साधन कर (सडकहरु रुट अनुमती ११४५१)** | | | | |
| १ | रुट इजाजत शुल्क रिक्सा | १००० | १००० | |
| २ | रुट इजाजत शुल्क अटो रिक्सा | २५०० | २५०० | |
| ३ | रुट इजाजत शुल्क ई रिक्सा | ५००० | ५००० | |
| ४ | रुट इजाजत नविकरण शुल्क रिक्सा | १२५ | १२५ | त्रैमाशिक |
| ५ | रुट इजाजत नविकरण शुल्क अटो रिक्सा | ३२५ | ३२५ | त्रैमाशिक |
| ६ | रुट इजाजत नविकरण शुल्क ई-रिक्सा | ६२५ | ६२५ | त्रैमाशिक |
| ७ | पटके शुल्क (फरक रुटको लागि) सिट क्षमताको आधारमा | १०% | १०% | प्रति महिना |
| **अनुसूची ७<br>घर बहाल कर (११३१७)** | | | | |
| १ | घर, बहाल, भवन, सटर, टहरा छप्पर, गोदाम,जग्गा आदी बहालकर | बहाल रकमको १० प्रतिशत | बहाल रकमको १० प्रतिशत | |
| **अनुसूची ८<br>सिफारिस दस्तुर (१४२४३)** | | | | |
| १ | नागरिकताको प्रमाणपत्रको (प्रतिलीपी समेत) | १०० | १०० | |
| २ | बिद्युत मिटर र धारा जडान | ५०० | ५०० | |
| ३ | पेन्सन पट्टा सिफारिस | ५०० | ५०० | |
| ४ | संघ संस्था दर्ता नाफा मुलक | १००० | १००० | |
| ५ | संघ संस्था दर्ता गैर नाफा मुलक | ५०० | ५०० | |
| ६ | घरबाटो / चारकिल्ला | २०० | ३०० | |
| ७ | नामसारी कित्ताकाट | ३०० | ४०० | |
| ८ | चालचलन तथा जन्ममिति प्रमाणित | २०० | २०० | |
| ९ | अविवाहित र विवाहित प्रमाणित | ३०० | ३०० | |
| १० | नावालक, दलित, आदीबासी, जनजाती, अल्पसंख्यक प्रमाणित | १०० | १०० | |
| ११ | भारत जाने सिफारिस | २०० | २०० | |
| १२ | सबैखाले सर्जमिन (मुचुल्का) नागरिकता बाहेक | ५०० | ५०० | |

| | | | | |
|---|---|---|---|---|
| १३ | तमासुक प्रमाणीत | ५०० | ५०० | |
| १४ | काठ कटान, साल, खयर व्यवसायिक प्रयोजन प्रति रुख | २०० | २५० | |
| १५ | काट कटान अन्य काठ प्रति रुख | १०० | १५० | |
| १६ | हाल साविक सिफारिस | ५०० | ५०० | |
| १७ | कृषि कार्यक्रम सिफारिस | ५०० | ५०० | |
| १८ | कृषि तथा पशुपंछी फर्म दर्ता सिफारिस | ५०० | ५०० | |
| १९ | प्यानको लागी सिफारिस | ५०० | ५०० | |
| २० | भेटेनरी स्वास्थ्य प्रमाणीत सिफारिस (पन्छी जाती) | ५ | ५ | प्रति गोटा |
| २१ | भेटेनरी स्वास्थ्य प्रमाणीत सिफारिस (बाख्रा जाती) | १०० | १०० | |
| २२ | भेटेनरी स्वास्थ्य प्रमाणीत सिफारिस (गाई भैसि जाती) | ३०० | ३०० | |
| २३ | विमा दावी सिफारिस | १०० | २०० | |
| २४ | अन्य सिफारिस अङग्रेजीमा | ५०० | ५०० | |
| २५ | जग्गा बैना प्रमाणीत | ० | ५०० | |
| २६ | अन्य सिफारिस नेपालीमा | २०० | ३०० | |
| **अनुसूची ९<br>नाता प्रमाणित दस्तुर (१४२४५)** | | | | |
| १ | नाता प्रमाणित नेपालीमा | २०० | २०० | |
| २ | नाता प्रमाणित अंग्रेजीमा | ५०० | ५०० | |
| **अनुसूची १०<br>अन्य दस्तुर (दर्ता) १४२४९** | | | | |
| १ | सहकारी संस्थाहरु नया दर्ता | ५,००० | ५००० | |
| २ | सहकारी संस्था नविकरण | ३,००० | ३००० | |
| ३ | रासायनिक मल विक्रेता अनुमती पत्र | ५०० | ५०० | |
| ४ | रासायनिक मल विक्रेता अनुमती नविकरण | ५०० | ५०० | |
| ५ | स्काभेटर सुचिकृत | २०००० | २०००० | |
| ६ | जे.सि.बि. लोडर सुचिकृत | १५००० | १५००० | |
| ७ | पसल,परामर्श दाता,संघ सस्था तथा सप्लायर्स सचिकृत दस्तुर | १००० | १००० | |
| ८ | निर्माण व्यवसायी सुचिकृत | २००० | २००० | |
| ९ | मेलमिलाप कर्ता सुचिकृत | १००० | १००० | |
| १० | मेलमिलाप कर्ता दर्ता तथा नवीकरण | ५०० | ५०० | |
| ११ | मुल दर्ता दस्तुर | २,००० | २,००० | |
| १२ | आयस्रोत तथा सम्पत्ती मुल्याङकन प्रमाणित ५० हजारसम्म | २०० | ३०० | |
| १३ | आयस्रोत प्रमाणित ५१ हजार माथि ३ लाखसम्म | ५०० | ६०० | |
| १४ | आयस्रोत तथा सम्पत्ती मुल्याङकन प्रमाणित ३ लाख माथि १० लाखसम्म | १००० | १२०० | |
| १५ | आयस्रोत तथा सम्पत्ती मुल्याङकन प्रमाणित १० लाख माथि २० लाखसम्म | २००० | २२०० | |

| | | | | |
|---|---|---|---|---|
| १६ | आयस्रोत तथा सम्पत्ती मुल्याङकन प्रमाणित २० लाखदेखि ५० लाख सम्म | ३००० | ३२०० | |
| १७ | आयस्रोत तथा सम्पत्ती मुल्याङकन प्रमाणित ५० लाख माथि १ करोडसम्म | ५००० | ५३०० | |
| १८ | आयस्रोत तथा सम्पत्ती मुल्याङकन प्रमाणित १ करोड माथिको मूल्याङ्कनमा | १०००० | ११००० | |
| १९ | न्यायिक समितिमा बिबाद दर्ता दस्तुर | १०० | १०० | |
| २० | न्यायिक समितिमा प्रतिवाद दस्तुर | १०० | १०० | |
| २१ | अमिन दस्तुर (जग्गा छुट्याउन) | २००० | २००० | |
| २२ | कवाडी संकलन अनुमती | ५००० | ६००० | |
| २३ | जिवजन्तु हाडछाला संकलन अनुमती | ५००० | ६००० | |
| २४ | जडिबुटी संकलन अनुमती | ५००० | ६००० | |
| २५ | लेखापरीक्षक सुचिकृत | २००० | २००० | |
| २६ | विषय विशेषज्ञ शिक्षक दर्ताको लागी आवेदन | १००० | १००० | |
| २७ | थप तहको लागी विषय विशेषज्ञ शिक्षक दर्ताको लागी आवेदन | ५०० | ५०० | |
| २८ | भूमीकर थप दस्तुर | ० | १५ | रु.२० भन्दा कम मालपोत शुल्क हुन आएमा । |
| | **अनुसूची ११<br>व्यक्तिगत घटना दर्ता दस्तुर (१४२४४)** | | | |
| १ | व्यक्तिगत घटना दर्ता विलम्व शुल्क | २०० | २०० | |
| २ | व्यक्तिगत घटना दर्ता प्रमाणपत्र प्रतिलिपी | ५०० | ५०० | |
| ३ | व्यक्तिगत घटना तथा नागरीक अभिलेख दर्ता किताव हेरेको | २०० | २०० | |
| ४ | परिचयपत्र विलम्ब दस्तुर | २०० | २०० | |
| ५ | परिचयपत्र प्रतिलिपी दस्तुर | ५०० | ५०० | |
| ६ | सामाजिक सुरक्षा परीचय पत्र प्रतिलिपि | १०० | १०० | |
| | **अनुसूची १२<br>मनोरन्जन कर (११४७१)** | | | |
| १ | सिनेमा हल | २००० | प्रदेश ऐन अनुसार | |
| २ | मेला दस्तुर प्रति दिन | ३००० | | |
| ३ | केवल लाईन र अप्टिकल फाईबर | ६००० | | |
| ४ | एडभेञ्चर / शाहसिक व्यवसाय | ० | | |
| | **अनुसूची १३<br>विज्ञापनको कर (११४७२)** | | | |
| | बिबरण | | | |
| १ | होडिङ्ग बोर्ड न्यूज साईन तथा अन्य ठुला बिद्युतिय बोर्डहरु (प्रति बर्ग फुट) निजी तथा व्यवसायिक परिसर भित्रको लागि | ५० | रु.५० | ३० वर्गफिट भन्दा माथि भएमा सुरुबाटै दर कायम हुने । |
| २ | होडिङ्ग बोर्ड न्यूज साईन तथा अन्य ठुला बिद्युतिय | ५० | रु.५० | |

| | | | | |
|---|---|---|---|---|
| | बोर्डहरु (प्रति बर्ग फुट) निजी तथा व्यवसायिक परिसर बाहीरको लागि | | | |
| ३ | भित्ते लेखन पटके (प्रति बर्ग फुट) | १० | रु.१० | |
| ४ | तुल ब्यानर पटके | १० | रु.१० | |
| **अनुसूची १४**<br>**पार्किङ्ग शुल्क (११४५२)** | | | | |
| १ | बस, ट्रक, मिनिबस, आदीलाई दैनिक शुल्क | ३० | ३० | |
| २ | जिप कार भ्यान ट्रयाक्टर आदीलाई दैनिक | १५ | १५ | |
| ३ | मोटरसाईकल स्कुटीलाई दैनिक | ५ | ५ | |
| **अनुसूची १५**<br>**एफ.एम. रेडियो सञ्चालन शुल्क (११६१४)** | | | | |
| १ | एफ.एम. रेडियो दर्ता ईजाजत पत्र | २००० | २००० | |
| २ | एफ. एम. रेडियो दर्ता ईजाजत पत्र प्रतिलीपि | १००० | १००० | |
| **अनुसूची १६**<br>**वन,नदी तथा खानीजन्य श्रोत कर (१४२५३)** | | | | |
| १ | तराई क्षेत्रसंग सिमाना जोडिएको क्षेत्रको (ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल) प्रति क्यू फिट ( मु.अ.कर) बाहेक | ८ | ८ | प्रदेश आर्थिक ऐन अनुसार |
| २ | अन्य खोला तथा क्षेत्रको ढुङ्गा, गिट्टी, वालुवा, ग्राभेल प्रति क्यू फिट (मु. अ.कर बाहेक) | ६ | ६ | |
| ३ | माटो तराई क्षेत्र संग सिमाना जोडिएको | ३ | ३ | |
| ४ | माटो अन्य क्षेत्रको | १ | १ | |
| ५ | कु काठ प्रति क्यूफिट (छुट पुर्जि अगाडि) | ५ | १० | निजी आवादीको लागि |
| ६ | साल, खयर प्रति क्यूफिट ( छुट पुर्जि अगाडि) | ३० | ४० | |
| ७ | दाउरा प्रति चट्टा (कु काठ) निकाशि गर्दा | १००० | १५०० | |
| ८ | दाउरा प्रति चट्टा (सालको) | १५०० | २००० | |
| ९ | साधारण निर्माणमुखी खनिज पदार्थको खानी संचालन स्वीकृत | १०००० | १००००० | |
| १० | साधारण निर्माणमुखी खनीज पदार्थको खानी संचालन स्वीकृती नविकरण (प्रत्येक वर्ष) | १०००० | २५००० | |
| ११ | निजी वन पैदावार बिक्री शुल्क (बिक्री रकमको आधारमा) | ५% | १०% | |
| साधारण निर्माणमुखि पदार्थकोको दर लुम्बिनी प्रदेश सरकारको आर्थिक ऐनमा उल्लेख भए बमोजिम हुनेछ । | | | | |
| **अनुसूची १७**<br>**अन्य प्रशासनिक सेवा शुल्क (१४२२९)** | | | | |
| १ | टेण्डर फारम २० लाख सम्म | १००० | १००० | |
| २ | टेण्डर फारम २० लाख देखि २ करोड सम्म | ३००० | ३००० | |
| ३ | टेण्डर फारम २ करोड देखि ५ करोड सम्म | ५००० | ५००० | |
| ४ | प्रमाणपत्र प्रतिलिपि सबै प्रकारका | ५०० | ५०० | |
| ५ | लव्धाङक पत्र प्रतिलिपि कक्षा ८ | ५०० | ५०० | |
| ६ | निवेदन दस्तुर | १०० | १०० | |

| | | | | |
|---|---|---|---|---|
| ७ | अधिकृत स्तर आवेदन दस्तुर | १००० | १००० | |
| ८ | सहायक स्तर (पाँचौ) | ७०० | ७०० | |
| ९ | सहायक स्तर (चौथो) | ६०० | ६०० | |
| १० | कार्यालय सहयोगी | ३०० | ३०० | |

**अनुसूची १८**
**दण्ड जरिमाना (१४३१२)**

| सि. नं. | कसुरको बिबरण | पहिलो पटक | दोश्रो पटक | पुन दोहोऱ्याएमा |
|---|---|---|---|---|
| १ | बजार अनुगमनको क्रममा व्यवसाय दर्ता नगरेको | ५०० | १००० | २००० |
| २ | वजार अनुगमनको क्रममा अनुमती भन्दा फरक कारोबार गरेमा | ५०० | १००० | |
| ३ | बजार अनुगमनको क्रममा म्याद नाघेको सामान बिक्रि गरेमा | १००० | २००० | कारोबार बन्द गर्ने |
| ४ | बजार अनुगमनको क्रममा अखाध्य सामग्री बिक्री गरेमा | ५००० | १०००० | कारोबार बन्द गर्ने |
| ५ | बजार अनुगमनको क्रममा होटलमा सामान्य फोहोर देखिएमा | सचेत | १००० | कारोबार बन्द गर्ने |
| ६ | होटलमा बढी फोहोर देखिएमा | ५०० | १००० | कारोबार बन्द गर्ने |
| ७ | वजार अनुगमनको क्रममा म्याद नाघेको औषधी ( औषधी पसलमा पाईएमा) | २००० | ५००० | कारोबार बन्द गर्ने |
| ८ | अनुमती बाहेक मनोद्धिपक औषधी पाईएमा | ५००० | कारोबार बन्द गरी कारबाहीको लागि लेखि पठाउने । | |
| ९ | अनुगमनको क्रममा अनुमती बिना खानी संचालन गरेको पाईएमा संचालकलाई | १०००० | २०००० | कारोबार बन्द गर्ने |
| १० | अनुगमनको क्रममा अनुमती बिना खोला र खानीमा जे.सि.बि. एक्साभेटर आदी चलाएमा | ५०००० | ६०००० | मेसिन जफत |
| ११ | अबैध रुपमा नदीजन्य र खानीजन्य पदार्थ ढुवानी गरेको पाईएमा | २०००० | ४०००० | गाडी जफत |
| १२ | अनुमती बिना खोला वा खानीमा निर्माणमुखि पदार्थ उत्खनन् गर्ने उदेश्यले प्रबेश गरेको पाईएमा | १०००० | १५००० | गाडी जफत |
| १३ | निकासी सहमती बिना काठ दाउरा खोटो संकलन तथा निकासी गरेमा | संकलित परिमाणको दोब्बर | प्रयोग भएका सवारी साधन जफत | |
| १४ | सहकारी संस्था नविकरण नगरेको | ० | ५०% | |
| १५ | एफ एम रेडियो तथा अनलाईन मिडियाले नियम विपरीत कार्य गरेमा | १०००० | १०००० | |
| १६ | ठेक्कामा संभौता विपरीत कार्य गरेमा | ४०००० | ६०००० | |
| १७ | विना अनुमती कवाड,जिवजन्तुका हाडछाला तथा जडिबुटी संकलन | ५००० | १०००० | जफत |
| १८ | खसि बोका तथा बाखा (स्त्री जातका) चोरि निकासी | २००० | २००० | प्रति गोटा |
| १९ | रागा, भैसि चोरी निकासी | ५००० | ५००० | प्रति गोटा |
| २० | कुखुरा चोरी निकासी | २००० | २००० | प्रति गाडि |
| २१ | खोला तथा नदी क्षेत्रमा करेन्ट तथा विस राखि | ५००० | १०००० | |

| | | | | |
|---|---|---|---|---|
| | माछा मारेको भेटिएमा | | | |
| २२ | रिक्सा,अटोरिक्सा,ई रिक्सा रुट अनुमती विना सञ्चालन गरेमा | निर्देशन गर्ने | ५००० | |
| २३ | रिक्सा,अटोरिक्सा,ई रिक्सा रुट अनुमती नविकरण विना सञ्चालन गरेमा | १००० | २००० | |
| २४ | रिक्सा,अटोरिक्सा,ई रिक्सा सिट क्षमता भन्दा धेरै यात्रु चढाएको पाईएमा | ५०० | १००० | १५०० |
| २५ | रिक्सा,अटोरिक्सा,ई रिक्सा तोकिएको भन्दा धेरै भडा असुल गरेको पाईएमा | ५०० | १००० | १५०० |
| २६ | अन्य जरिमाना ( मुल्याङकन रकम को आधारमा) | २०% | २०% | |

## अनुसूची १९
## घर भवनको नक्सा पास/अभिलेख दस्तुर (१४२४२)

| | | | | |
|---|---|---|---|---|
| १ | १००० वर्ग फिट भन्दा कम क्षेत्रफल भएको नयाँ घर निर्माण । | ७ | ८ | |
| २ | १००० वर्ग पिट भन्दा बढीको नयाँ निर्माण | ९ | १० | |
| ३ | १००० वर्ग फिट भन्दा कम क्षेत्रफल भएको पुरानो | ६ | ७ | |
| ४ | १००० वर्ग फिट भन्द बढीको पुरानो | ८ | ९ | |
| ५ | कच्ची टिनको छानो लगाएको प्लाष्टर गरिएको एकमुष्ठ | २००० | ३००० | |
| ६ | कच्ची टिनको छाना लगाएको | १००० | १००० | |
| ७ | नक्सा पास निवेदन | १०० | २०० | |
| ८ | नक्सा पास बुक | ५०० | ५०० | |
| ९ | सम्पन्न प्रतिवेदन (नापजाँच समेत) | १००० | १००० | |

## अनुसूची २०
## अन्य कर (११६९१)

**क) नगर क्षेत्र भित्र उत्पादन हुने मालवस्तु र संकलन भई बिक्री हुने कवाड मालवस्तुको बिक्री कर**

| | | | | |
|---|---|---|---|---|
| १ | उन ( प्राकृतिक, कृतिम, जगर ) | ५ | ५ | प्रति. के.जि. |
| २ | खोटो | १ | १ | प्रति. के.जि. |
| ३ | स्लेट/बिछ्याउने ढुङ्गा | ८ | ८ | प्रति क्यू.फिट |
| ४ | सुर्तीको बण्डल, कतरन/नसल | १ | १ | प्रति. के.जि. |
| ५ | सालको बिया | १० | १० | प्रति. के.जि. |
| ६ | सल्लाको सिम्ठा | १० | १० | प्रति. के.जि. |
| ७ | पथ्थर कोईला | १० | १० | प्रति. के.जि. |
| ८ | काँचो छाला ठुलो | ५० | ५० | प्रति. गोटा |
| ९ | काँचो छाला सानो | ३० | ३० | प्रति. गोटा |
| १० | हाड | ५ | ५ | प्रति. के.जि. |
| ११ | सिंङ | ५ | ५ | प्रति. के.जि. |
| १२ | खुर | ५ | ५ | प्रति. के.जि. |
| १३ | लोरा सिलौटा | ५० | ५ | प्रति गोटा |
| १४ | दालचिनी बोका | ५ | ५ | प्रति के.जि |

| | | | | |
|---|---|---|---|---|
| १५ | दालचिनी पत्ता | २ | २ | प्रति के.जि |
| १६ | बाँस | ० | ५०० | प्रति गाडी |
| १७ | बियर बोत्तल | प्रतिगोटा | १ | रुपैयाँ |
| १८ | खाली सि.सि. ( मदिरा र अन्य ) ५०० एम.एल भन्दा माथि | प्रतिगोटा | ५० | पैसा |
| १९ | खाली सि.सि. (मदिरा र अन्य) ५०० एम.एल भन्दा तल | प्रतिगोटा | २५ | पैसा |
| २० | प्लाष्टिक ( बोत्तल भाँडाकुडा पुराना जुत्ता चप्पल ग्यालेन जर्किन आदी ( | प्रति के.जि. | १ | रुपैयाँ |
| २१ | खाली बोरा ५० केजि. खाद्यान्य अटाउने प्लाष्टिक बोरा | प्रतिगोटा | २५ | पैसा |
| २२ | खाली बोरा ५० केजि. खादान्य अटाउने जुटको बोरा | प्रगिोटा | २५ | पैसा |
| २३ | खाली बोरा १०० के.जि खाद्यान्य अटने जुटको बोरा | प्रतिगोटा | ५० | पैसा |
| २४ | तेलको टिना ( १० लि. भन्दा बढी अटने | प्रतिगोटा | २ | रुपैयाँ |
| २५ | तेलको टिना ( १० लि. भन्दा घटी अटने | प्रतिगोटा | १ | रुपैंयाँ |
| २६ | उन गार्मेन्टको टुक्रा | प्रति के.जि. | २ | रुपैंयाँ |
| २७ | जलेको मोबिल | प्रतिलिटर | १ | रुपैयाँ |
| २८ | टायर ट्यूब | प्रति केजि. | २ | रुपैंयाँ |
| २९ | थोत्रो टिना | प्रति के.जि. | १ | रुपैयाँ |
| ३० | पुरानो ड्रम | प्रति के.जि. | १ | रुपैंयाँ |
| ३१ | पुरानो कागज (अखवार, कार्टुन तथा अन्य) | प्रति के.जि. | १ | रुपैंयाँ |
| ३२ | फलामको टुक्रा | प्रति के.जि. | ३ | रुपैंयाँ |
| ३३ | अन्य धातु ( पित्तल तामा आदी ) | प्रति के.जि. | ५ | रुपैंयाँ |
| ३४ | थोत्रिएर काम नलाग्ने मेसिनरी औजार | प्रति के.जि. | ३ | रुपैयाँ |

## अनुसूची २१
## वहाल विरौटी कर (११३१८)

| | | | | |
|---|---|---|---|---|
| १ | क्यान्टिन (नगरपालिकाको) | ० | ६०००० | वार्षिक |
| २ | क्यान्टिन (वडा नं. १४ को) | ३६००० | ३६००० | वार्षिक |
| ३ | सुपादेउराली क्षेत्रका टंकि/पसल | ० | ६०० | माशिक |

## अनुसूची २२
## श्रोत उपयोग कर तर्फ

| | | | | |
|---|---|---|---|---|
| १ | भंगाला खोला | १०००००० | १०००००० | |
| २ | राप्ती नदी सिमाना क्षेत्र | ६०००००० | ६०००००० | |
| ३ | राप्ती नदी पल्टेडाँडा क्षेत्र | | | |
| ४ | गुडुङ्ग खोला सिमाना क्षेत्र | ५०००००० | ३०००००० | |
| ५ | गुडुङ्ग खोला फायरिङ क्षेत्र | | | |
| ६ | खयरभट्टी खोला रातापहेरा क्षेत्र | ४०००००० | ३०००००० | |
| ७ | खयरभट्टी खोला दुमहीघाट क्षेत्र | | | |

| | | | | |
|---|---|---|---|---|
| ८ | सिलिङ्गखोला | ५००००० | ५००००० | |
| ९ | बहबेल खोला शि.न.पा. ११ | ५००००० | ५००००० | |
| १० | सुकवेल खोला शि.न.पा. ११ | ५००००० | ५००००० | |
| ११ | राङसिङ खोला तिनखण्डे पुच्छारको क्षेत्र | ५०००००० | ५०००००० | |
| १२ | राङसिङ खोला केराबारी  क्षेत्र | | | |
| १३ | राङसिङ खोला खारघाट गाँउको  क्षेत्र | | | |
| १४ | कोन्द्रे खोला शि.न.पा. १२ | ३०००००० | ३०००००० | |
| १५ | चोर खोला | ९००००० | ९००००० | |
| १६ | सुरही गनेरी खोला | ४००००० | ४००००० | |
| १७ | वाणगंगा खोला | ३०००००० | ३०००००० | |

**नोट : उल्लेखित अनुमान आई.ई.ई. को प्रतिबेदन तथा राष्ट्रपति चुरे तराई विकास संरक्षण समितिबाट परिमाण कायम भए पस्चात सोका आधारमा न्यूनतम अंकमा कयम हुनेछ ।**

**नगर क्षेत्र भित्र उत्पादन हुने र संकलन हुने कवाड मालवस्तुको न्यूनतम ठेक्का दर**

| सि. नं. | कर बिबरण | चालु आ.व.को ठे . रकम | आ.व. ०८२/०८३ को प्रस्तावित | कैफियत |
|---|---|---|---|---|
| १ | अन्य कर (नगर क्षेत्र भित्र उत्पादन हुने र संकलन हुने कवाड तथा अन्य वस्तुको बिक्री कर (काठ निकासी बाहेक) | १५०००० | १५०००० | अनुसूची २० |
| ३ | विज्ञापन कर | १००००० | १००००० | |

**प्रमाणिकरण मिति २०८२/०३/२५**

**आज्ञाले**
**मदन बहादुर जि.सी.**
**प्रमुख प्रशासकिय अधिकृत**